# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खैरहनी, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०७८।०७९
च.नं. १२३२६

मिति : २०७९।०३।०७

श्री खैरहनी नगरपालिकाका वडा कार्यालयहरु सबै,
श्री खैरहनी नगरपालिकाका विषयगत शाखाहरु सबै,
श्री खैरहनी नगरपालिकाका योजनाहरुसँग सम्बद्ध सम्पूर्ण उपभोक्ता समितिहरु,
श्री खैरहनी नगरपालिकाका योजनाहरुसँग सम्बद्ध सम्पूर्ण निर्माण व्ययसायीहरु,
श्री पत्रको व्यहोरासँग सम्बन्ध राख्ने सम्पूर्ण संघसंस्था तथा सरोकारवालाहरु,
खैरहनी नगरपालिका, चितवन।

**विषय : आ.व. २०७८।०७९ को भुक्तानी र खाताबन्दी सम्बन्धमा।**

उपर्युक्त विषयमा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०. को उपनियम (१) अनुसार ..... भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा ७ दिन अगावै भुक्तानी दिई लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाबाट संचालित आ.व. २०७८।०७९ को सम्पूर्ण योजना/कार्यक्रम/आयोजनाहरुको (२०७९।०३।२०) २०७९।०३।२० भित्र कार्यसम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्न अनुरोध छ। तोकिएको मिति पछि पेश भएका कागजातका हकमा रकम भुक्तानी गर्न नगरपालिका जिम्मेवार नहुने र सो बजेट नियमानुसार फ्रिज हुने जानकारी गराइन्छ।

संघीय सशर्त अनुदान, संघीय विशेष अनुदान, संघीय सरकार वित्तीय हस्तान्तरण अन्तर्गत कोलेनिकाबाट निकासा हुने रकम, प्रदेश सशर्त अनुदान, प्रदेश समपुरक अनुदान, प्रदेश सरकार वित्तिय हस्तान्तरण अन्तर्गत कोलेनिकाबाट निकासा हुने रकम तर्फका योजना/कार्यक्रम/आयोजनाहरुको फरफारक २०७९।०३।२० भित्र सम्पन्न गर्नु पर्नेछ।

माथि उल्लेख गरे भन्दा बाहेक नगरपालिकाबाट संचालित योजना/कार्यक्रम/आयोजनाहरुको हकमा २०७९।०३।२२ भित्र सबै योजनाको फरफारक सम्पन्न गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

"उद्योग, कृषि, पर्यटन र पूर्वाधार, खैरहनी नगर विकासको मूल आधार"
Website : www.khairhanimun.gov.np E-mail :- municipalitykhairahani@gmail.com (आर्थिक प्रशासन शाखा) info@khairahanimun.gov.np (कार्यालय)
सम्पर्क नं. ०५६-५८२८८५, ०५६-५८२००६ ०५६-५८२५४६

# खैरहनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खैरहनी, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०७८।०७९
च.नं. १२४३६

आर्थिक वर्षको अन्तिम ७ दिनभित्र करकट्टी/कट्टी दायित्व दाखिला गर्ने, नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदान रकम फिर्ता गरी सोको बैङ्क भौचर कोलेनिकामा बुझाउने र आ.व. २०७८।०७९ को आर्थिक कारोबारको हिसाब मिलान गरी संघीय सरकार, प्रदेश सरकार लगायतका दातृ निकायमा प्रतिवेदन पठाउने समेतका कार्यहरु आ.व. समाप्त हुनु भन्दा अगावै गरिसक्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था भएकोले मिति २०७९।०३।२० भित्र भुक्तानीको लागि कागजात पेश हुन नआएमा यस कार्यालय भुक्तानी दिन असमर्थ हुने हुँदा समय सीमा भन्दा पछि भुक्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीका लागि अनुरोध छ।

केशब हुमागाईं
लेखा अधिकृत

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

सादर अवगतार्थ :

१. श्री नगर प्रमुख ज्यू, खैरहनी नगरपालिका।
२. श्री नगर उपप्रमुख ज्यू, खैरहनी नगरपालिका।

बोधार्थ :

१. श्री योजना शाखा : उल्लेख भए अनुसार २०७९।०३।२० भित्र - सम्पन्न कार्यको भुक्तानी प्रक्रिया अगाडी बढाउन आवश्यक कागजातसहितको फाइल पेश गर्न।
२. श्री सूचना प्रविधि शाखा : कार्यालयको वेभसाइट, फेसबुक पेज, सम्भाव्य सबै माध्यममार्फत यस सूचनाको सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराउन।



Website : www.khairhanimun.gov.np E-mail :- municipalitykhairahani@gmail.com (आर्थिक प्रशासन शाखा) info@khairahanimun.gov.np (कार्यालय)
सम्पर्क नं. ०५६-५८२८८५, ०५६-५८२००६ ०५६-५८२५४६